श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाई बक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२५ सालको ऐन नं. ३१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### वर्गीय तथा व्यावसायिक संगठनहरूको निर्वाचन सम्बन्धी कार्यविधिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:— नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनहरूको निर्वाचनको कार्यविधि सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०४६

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "बर्गीय तथा ब्याबसायिक संगठन (निर्वाचन कार्यबिधि) ऐन, २०२५" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "निर्वाचन आयोग" भन्नाले नेपालको संविधान तथा तत्काल प्रचलित नेपाल कानून बमोजिम गठित निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, र नेपाल भूतपूर्व सैनिक संगठनका सम्बन्धमा सबै तहका कार्य समितिका सदस्य, तथा सभापति, उप-सभापति र जिल्ला परिषदका सदस्यको लागि हुने निर्वाचन र नेपाल मजदूर संगठनको सम्बन्धमा औद्यौगिक र यातायात मजदूर प्रारम्भिक कार्य समिति, औद्यौगिक मजदूर केन्द्रीय सभा र केन्द्रीय कार्य समिति, यातायात मजदूर केन्द्रीय सभा, केन्द्रीय कार्य समिति र नेपाल मजदूर केन्द्रीय परिषद, केन्द्रीय कार्य समिति र सो तहको सभापति, उप-सभापतिको लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(ग) नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठनको निर्वाचनको सम्बन्धमा "मतदाता" भन्नाले–

(१) प्रारम्भिक कार्य समितिका सभापति उप-सभापति र अन्य सदस्यहरूको निर्वाचनको हकमा प्रारम्भिक परिषदका सदस्यहरू,

(२) जिल्ला परिषदका सदस्यको निर्वाचनको हकमा सम्बन्धित जिल्ला भित्रका प्रारम्भिक कार्य समितिका सदस्यहरू,

(३) जिल्ला संगठनको सभापति तथा उप-सभापतिको निर्वाचनको हकमा सम्बन्धित जिल्ला अधिवेशनका सदस्यहरू,

(४) जिल्ला कार्य समितिका सदस्यको निर्वाचनको हकमा सम्बन्धित जिल्ला परिषदका सदस्यहरू,

(५) अञ्चल संगठनको सभापति तथा उप-सभापतिको निर्वाचनको हकमा सम्बन्धित अञ्चल अधिवेशनका सदस्यहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(६) अञ्चल कार्य समितिका सदस्यको निर्वाचनको हक्मा सम्बन्धित अञ्चल परिषदका सदस्यहरू,

(७) केन्द्रीय संगठनको सभापति तथा उप-सभापतिको निर्वाचनको हक्मा केन्द्रीय अधिवेशनका सदस्यहरू, र

(८) केन्द्रीय कार्य समितिका सदस्यको निर्वाचनको हक्मा केन्द्रीय परिषद-का सदस्यहरू सम्झनु पर्छ ।

(घ) नेपाल मजदूर संगठनको निर्वाचनको सम्बन्धमा "मतदाता" भन्नाले –

(१) औद्यौगिक र यातायात मजदूर प्रारम्भिक कार्य समितिका सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र अन्य सदस्यको निर्वाचनको हक्मा सम्बन्धित औद्यौगिक तथा यातायात मजदूर प्रारम्भिक सभाका सदस्यहरू,

(२) औद्यौगिक र यातायात मजदूर केन्द्रीय सभाका सदस्यको निर्वाचनको हक्मा सम्बन्धित औद्यौगिक मजदूर तथा यातायात प्रारम्भिक सभाका सदस्यहरू,

(३) औद्यौगिक र यातायात केन्द्रीय कार्य समितिका सभापति, उप-सभा-पति र अन्य सदस्यको निर्वाचनको हक्मा सम्बन्धित औद्योगिक तथा यातायात मजदूर केन्द्रीय सभाका सदस्यहरू,

(४) नेपाल मजदूर केन्द्रीय परिषदका सदस्यको निर्वाचनको हक्मा औद्यौगिक मजदूर केन्द्रीय सभा र यातायात मजदूर केन्द्रीय सभाका सदस्यहरू,

(५) नेपाल मजदूर केन्द्रीय संगठनको सभापति, उप-सभापतिको निर्वाचनको हक्मा नेपाल मजदूर संगठनको केन्द्रीय अधिवेशनका सदस्यहरू, र

(६) नेपाल मजदूर केन्द्रीय कार्य समितिका सदस्यको निर्वाचनको हक्मा नेपाल मजदूर केन्द्रीय परिषदका सदस्यहरू सम्झनु पर्छ ।

(ङ) "उम्मेदवार" भन्नाले नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठनको सम्बन्धमा प्रारम्भिक कार्य समितिका सभापति, उप-सभापति तथा सदस्य, जिल्ला परिषदका सदस्य, जिल्ला संगठनका सभापति तथा उप-सभापति, जिल्ला कार्य समितिका सदस्य, अञ्चल संगठनका सभापति, तथा उप-सभापति, अञ्चल कार्य समितिका सदस्य, केन्द्रीय संगठनको सभापति, उप–सभापति तथा केन्द्रीय कार्य समितिका सदस्य र नेपाल मजदूर संगठनको सम्बन्ध-मा औद्यौगिक र यातायात मजदूर प्रारम्भिक कार्य समितिका सभापति,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उप-सभापति, सचिव, कोषाध्यक्ष तथा सदस्य, औद्योगिक र यातायात मजदूर केन्द्रीय सभाका सदस्य, औद्योगिक र यातायात केन्द्रीय कार्य समितिका सभापति, उप-सभापति तथा सदस्य, नेपाल मजदूर केन्द्रीय परिषदका सदस्य, नेपाल मजदूर केन्द्रीय संगठनको सभापति, उप-सभापति तथा नेपाल मजदूर केन्द्रीय कार्य समितिका सदस्यपदको लागि खडा हुनें व्यक्ति सम्झनु पर्छ ।

(च) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत निर्वाचन आयोगले जारी गरेको आदेशमा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## निर्वाचन अधिकृतको नियुक्ती

३. निर्वाचन अधिकृतको नियुक्तीः– (१) प्रत्येक निर्वाचनको लागि निर्वाचन आयोगले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । निर्वाचन आयोगले निर्वाचन अधिकृतको अतिरिक्त रिटर्निङ अधिकृत र पोलिंग अधिकृत पनि नियुक्त गर्न सक्नेछ ।

(२) निर्वाचन आयोगले रिटर्निङ अधिकृत र पोलिंग अधिकृत नियुक्त गरेकोमा बाहेक अन्य अवस्थामा उप-दफा (१) बमोजिम नियुक्त भएको निर्वाचन अधिकृतले आवश्यकतानुसार रिटर्निङ अधिकृत र पोलिंग अधिकृतहरू नियुक्त गर्न र अन्य कर्मचारीहरूलाई समेत निर्वाचनको काममा खटाउन सक्नेछ ।

(३) उप-दफा (१) वा (२) बमोजिम नियुक्त भएको वा खटिएको रिटर्निङ अधिकृत वा पोलिंग अधिकृत वा कर्मचारीहरूलाई निर्वाचन अधिकृतले अवस्था हेरी आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद–३
## निर्वाचनको संचालन

४. निर्वाचनको साधारण सूचनाः– निर्वाचन अधिकृतले उम्मेदवारको लागि दरखास्त दिनें र त्यसको जाँच बुझ गर्ने मिति, समय र स्थान उम्मेदवारले नाम फिर्ता लिनें आखिरी मिति र मतदान हुनें मिति, समय र स्थान तोक्नेछ र त्यस्को सूचना सम्बन्धित मतदाताहरू र सर्वसाधारणको जानकारीको लागि आयोगले तोकी दिए बमोजिम समयमै प्रकाशित गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 605

५. मतदाताको नामावलीको प्रकाशन र नामावलीमा दावी विरोधः– (१) निर्वाचन अधिकृतले मतदाता नामावली तोकिए बमोजिम प्रकाशित गर्नेछ र नामावलीमा दर्ता भएको नाम वा कुनै व्यहोराको विरोध गरी नाम कटाउन वा कुनै दर्ता सच्याई माग्न वा छुट भएको नाम दर्ता गर्न तोकिए बमोजिम म्याद दिनेछ।

तर, नामावलीमा नाम दर्ता नभएको कुनै व्यक्तिले नामावलीमा दर्ता भएको कुनै ब्यहोरा सच्याउन वा नामावलीमा कसैको नाम कटाउनको लागि दावी वा विरोधपत्र पेश गर्न सक्नेछैन ।

(२) उप-दफा (१) बमोजिम दावी वा विरोध पत्र पर्न आएमा निर्वाचन अधिकृतले सबै सबूद प्रमाणको जाँचबुझ गरी त्यस्को निर्णय गर्नेछ र सो निर्णयानुसार नामावलीमा हेरफेरगर्न परेमा आवश्यक हेरफेर समेत गर्नेछ ।

६. उम्मेदवारको लागि दरखास्तः– (१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा ४ बमोजिमको सूचनामा तोकिएको म्याद भित्र आफै उपस्थित भै वा अख्तियार प्राप्त वारिस पठाई निर्वाचन अधिकृतले तोकेको ढांचामा निज समक्ष दरखास्त दिनु पर्छ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा एकजना प्रस्तावक र एकजना समर्थकमा नबढाई दुईजना मतदाताको सहीछाप गराउनु पर्छ । तर कुनै निर्वाचनमा कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थक भई सकेको वा आफै उम्मेदवार भएको व्यक्ति सोही निर्वाचनमा सोही पदको लागि खडा हुने अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक भएको दरखास्तलाई मान्यता दिईने छैन ।

(३) उप-दफा (१) बमोजिम दरखास्त प्राप्त भए पछि निर्वाचन अधिकृतले सो दरखास्त रीत पूर्वकको छ छैन हेरी रीत पूर्वकको भए दर्ता गरी त्यस्को निस्सा दरखास्तवाला वा निजको वारिसलाई दिनु पर्छ र रीत नपुगेकोमा जे जति रीत नपुगेको हो सो सच्याउन मौका दिनु पर्छ । दरखास्तवालाले सच्याउन नचाहेमा सो व्यहोरा दरखास्तमा जनाई राख्नु पर्छ ।

७. एकभन्दा बढी पदको लागि उम्मेदवार हुन नपाउनेः– कुनै मतदाता एउटै निर्वाचनमा एक भन्दा बढी पदको लागि उम्मेदवार हुन सक्नेछैन ।

८. दरखास्तको जाँच गर्नेः– (१) दफा ६ बमोजिम पर्न आएको दरखास्तलाई निर्वाचन अधिकृतले जाँच गर्नेछ । त्यसरी दरखास्त जाँचगर्दा उम्मेदवार वा निजको वारिस उपस्थित हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८१०

(२) उप-दफा (१) बमोजिम दरखास्तको जाँच गर्दा निर्वाचन अधिकृतले दरखास्तवाला प्रचलित नेपाल कानून बमोजिम उम्मेदवार हुन योग्य भए नभएको र दरखास्त यस ऐन बमोजिम रीत पूर्वकको छ छैन जाँच्नु पर्छ ।

९. नाम फिर्ता लिने:– (१) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा दफा ४ बमोजिम तोकेको म्याद भित्र निर्वाचन अधिकृतलाई लिखित सूचनादिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम नाम फिर्तालिनें सूचना दिई सकेपछि सो सूचना फेरि फिर्ता माग्न पाइनें छैन ।

१०. उम्मेदवारको नामावलीको प्रकाशन:– दफा ९ बमोजिम नाम फिर्ता लिनें म्याद समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवारहरूको नामावलीको सूची तयार गरी तोकिए बमोजिम प्रकाशित गर्नेछ ।

११. निर्विरोध घोषित गर्ने:– उम्मेदवारको संख्या निर्वाचन गरिनें पदको संख्या भन्दा बढी नभएमा निर्वाचन अधिकृतले निज वा निजहरू उक्त पद वा पदहरूमा निर्विरोध आएको भनी घोषणा गर्नु पर्छ ।

१२. उम्मेदवारको मृत्युभएमा मतदान स्थगित हुने:– कुनै उम्मेदवारको मृत्युभई सो कुराको जानकारी मतदान कार्य प्रारम्भ हुनु भन्दा अगावै निर्वाचन अधिकृतलाई भएमा सो पदको लागि हुने मतदान स्थगित गरी यस ऐनको दफा ४ र ६ बमोजिमको कार्यविधि पुनः अपनाउनु पर्नेछ । दरखास्त स्वीकृत भै सकेको उम्मेदवारले भने अर्को दरखास्त पेश गर्नु पर्ने छैन तर दफा ९ अनुसार नाम फिर्ता लिएको व्यक्ति पुनः उम्मेदवार हुन चाहेमा अर्को दरखास्त पेश गर्नु पर्नेछ ।

परिच्छेद–४

मतदान-कार्य

१३. मतपत्र:– निर्वाचन अधिकृतले मतदाता सूचीमा चिन्ह लगाई प्रत्येक मतदातालाई तोकिए बमोजिमको मतपत्र दिनेछ ।

१४. मतदान केन्द्रमा प्रवेश:– (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा मतदाता र निम्नलिखित व्यक्ति बाहेक अरूलाई प्रवेश गर्न नदिन सक्नेछ:–

(क) सम्बन्धित कर्मचारीहरू,

(ख) उम्मेदवार वा निजको वारिस,

(ग) जनाना मतदाताको काखमा रहेको बच्चा,

(घ) निर्वाचन अधिकृतबाट ईजाजत पाएको अरू व्यक्तिहरू ।

(२) मतदानको समय समाप्त भएपछि कुनै मतदातालाई मतदान केन्द्रमा प्रवेश गर्न दिइनें छैन तर मतदान केन्द्र भित्र पसी सकेका मतदाताहरूले भने मतदान गर्न पाउने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८७११

१५. अन्धा वा अशक्त मतदाता:– कुनै अन्धा वा शारीरिक अशक्त मतदाताले आफैले मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान मागेमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत दिने स्थानमा प्रवेश गर्न दिन सक्नेछ । त्यस्तो मतदाताले निर्वाचन अधिकृतलाई नै साथ लैजान मागेमा निर्वाचन अधिकृत निजको साथमा जानु हुन्छ ।

१६. नाम ढांटी आएमा विरोध गर्न पाउने:– (१) कुनै व्यक्ति नाम ढाँटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारिसले रू.२।– धरौट राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउनेछ ।

(२) उप–दफा (१) बमोजिम विरोध गरिएमा निर्वाचन अधिकृतले ठाडो बुझी त्यसको निर्णय गर्नेछ र सो निर्णय अन्तिम हुनेछ । विरोध ठीक नठहरेमा धरौट जफत हुनेछ । तर बिरोध ठीक ठहरिएमा सोही दिन धरौट फिर्ता गरि दिनु पर्छ ।

१७. मतपेटिका बन्द गर्ने:– (१) मतदान-कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवार वा निजको वारिस उपस्थित भए निजको सामुन्ने मतपेटिकाको मतपत्र छिराउने प्वाल बन्द गर्नु पर्छ । प्वाल बन्द गरेको नफोडी खोल्न नहुने गरी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको पनि लाहाछाप लगाउनु पर्छ ।

(२) मतपत्र दिंदा प्रयोग गरिएका मतदाता नामावली, मतपेटिका बाहीर खसालिएका मतपत्रहरू तथा निर्वाचन सम्बन्धी मुचुल्काहरू छुट्टा छुटै खाममा राखी निर्वाचन अधिकृतले आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको पनि लाहाछाप लगाई बन्द गर्नु पर्छ ।

१८. मतदानको तरिका:– मतदान गोप्य तरिकाले हुनेछ ।

१९. संकट कालमा मतदान स्थगित गर्ने:– (१) कुनै मतदान केन्द्रमा हुल दङ्गा भई वा कुनै प्राकृतिक बिपद परी वा अरू कुनै कारणले गर्दा मतदान कार्य हुन नसक्ने भएमा निर्वाचन अधिकृतले सो दिन सो केन्द्रको मतदानको काम स्थगित गरी सो कुराको सूचना निर्वाचन आयोगमा तुरून्त दिनु पर्छ ।

(२) उप–दफा (१) बमोजिम स्थगित गरिएको केन्द्रमा मतदान हुने मिति र समय निर्वाचन अधिकृतले सकभर चाँडो ठेगान गरी सो मिति र समयमा मतदान सम्पन्न गरी त्यस्को सूचना निर्वाचन आयोगमा समेत पठाउन पर्छ ।

२०. मतपेटिका बिगारिएमा वा हराएमा पुनः मतदान हुने:– (१) कुनै मतदान केन्द्रको मतपेटिका लुटिएमा, खोलिएमा वा कुनै गैर-कानूनी तवरले खोलिएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिगारिएमा, फोरिएमा, दुर्घटनावस वा जानी जानी नास गरिएमा वा हराएमा त्यस्तो केन्द्रको निर्वाचन अधिकृतले मतदान बदर गरी त्यस्तो ब्यहोराको प्रतिवेदन निर्वाचन आयोगमा पेश गर्नु पर्छ ।

(२) उप–दफा (१) बमोजिम मतदान बदर गरिएको केन्द्रमा पुनः मतदान गर्ने मिति र समय सकभर चाँडो निर्वाचन अधिकृतले ठेगान गरी मतदान सम्पन्न भए पछि त्यस्को सूचना निर्वाचन आयोगमा पठाउनु पर्छ ।

## परिच्छेद–५

## मतगन्ती

२१. मतगन्ती:– (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले मतगन्ती गर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगन्तीको काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ । कुनै कारणवस मतगन्तीको काम बिचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले मतपत्रहरू, मतपेटिकाहरू र निर्वाचन सम्बन्धी अरू कागजातहरू बन्द गरी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाई हिफाजतसाथ राख्नु पर्छ ।

(३) निर्वाचन परिणाम घोषणा हुनु भन्दा अगाडी कुनै उम्मेदवार वा निजको वारिसले गन्ती गरेको सबै वा केही मतपत्रहरू फेरि दोहोर्‍याई गन्ती गराई पाउँ भनी कारण समेत खुलाई निवेदन गर्न सक्नेछ र त्यस्तो निवेदन परेकोमा दोहोर्‍याई मतगन्ती गराउने वा नगराउने अधिकार निर्वाचन अधिकृतको हुनेछ । निर्वाचन अधिकृतले दोहोर्‍याई मतगन्ती गर्ने निर्णय गरेमा त्यस्को कारण समेत निवेदनमा जनाई त्यस्को सूचना निवेदकलाई दिनु पर्छ ।

(४) निर्वाचन अधिकृतले मतगन्ती गर्ने स्थानमा सम्बन्धित कर्मचारीहरू, उम्मेदवार वा निजको वारिस बाहेक अन्य ब्यक्तिलाई बस्न नदिन सक्नेछ ।

(५) मतगन्ती गर्ने काममा बाधा दिने कुनै पनि ब्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले मतगन्ती गर्ने स्थानबाट बाहिर निकाल्न सकिनेछ ।

२२. मतपत्र बदर हुने अवस्था:– देहायका अवस्थामा मतपत्रहरू बदर हुनेछन्:–

(१) निर्वाचन रंग वा चिन्ह प्रयोग गरिने निर्वाचनमा–

(क) पोलिंग अधिकृतको सही वा छाप नभएको,

(ख) पोलिंग अधिकृतले सम्बन्धित पञ्चायतको लागि प्रयोग गरेको संकेत नभएको,

(ग) मतपेटिका बाहिर रहेको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) मत नदिने निश्चय गरी पोलिंग अधिकृतलाई फिर्तादिएको,
(ङ) सम्बन्धित मतपेटिकामा नखसेको, र
(च) जाली मतपत्र ।

(२) रेजा चिन्ह प्रयोग गरिने निर्वाचनमा–
(क) पोलिंग अधिकृतको सही वा छाप नभएको,
(ख) निर्वाचन हुने पदको संख्या भन्दा बढी उम्मेदवारको नामको अगाडि रेजा चिन्ह दिएको,
(ग) रेजा चिन्ह बाहेक अन्य कुनै कुरा लेखिएको,
(घ) संकेत नबुझिने गरी च्यातिएको वा फोहोर गरिएको,
(ङ) कुनै नाममा पनि रेजा चिन्ह नलगाएको,
(च) मतपेटिका बाहिर रहेको,
(छ) रेजा चिन्ह बाहेक अन्य कुनै चिन्ह लगाएको,
(ज) मत नदिने निश्चय गरी पोलिंग अधिकृतलाई फिर्तादिएको,
(झ) कोठा बाहिर रेजा चिन्ह लगाएको,
(ञ) कुनै उम्मेदवारको लागि मत दिएको हो, सो नछुट्टिने गरी रेजा चिन्ह लगाएको, र
(ट) जाली मतपत्र ।

२३. निर्वाचनको परिणामको घोषणाः– (१) मतगन्ती सकिने बित्तिकै निर्वाचन अधिकृतले उप–दफा (२) को आधारमा निर्वाचनको परिणाम घोषणा गर्नुपर्छ ।

(२) बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ । मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ ।

परिच्छेद–६

विविध

२४. निर्वाचनको फाँटवारी तयार गर्नेः– मतगणना समाप्त भएपछि निर्वाचन अधिकृतले जम्मा मतदाताको संख्या, जम्मा उम्मेदवारको संख्या, जम्मा खसेको मत संख्या, जम्मा बदर भएको मत संख्या र प्रत्येक उम्मेदवारले पाएको मत संख्या खोली निर्वाचनको फाँटवारी तयार गर्नुपर्छ । त्यसको एक प्रति निर्वाचन आयोगमा पठाउनु पर्छ ।

२५. निर्वाचनको निमित्त बैठक बोलाउनु नपर्नेः– यस ऐन बमोजिम हुने कुनै पनि निर्वाचनको निमित्त कुनै वर्गीय तथा व्यावसायिक संगठनको बैठक बोलाउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने छैन र जति सुकै संख्यामा मतदाता उपस्थित भएपनि निर्वाचन गर्न बाधा पर्ने छैन ।

२६. निर्वाचन अधिकृतले निरीक्षण गर्न सक्नेः– कुनै मतदाता मत दिने स्थान भित्र मुनासिब माफिकको समय भन्दा बढी समयसम्म बसेमा वा निर्वाचन अधिकृतलाई कुनै शंका लागेमा निजले मत दिने स्थान भित्र आवश्यक निरीक्षण गर्न सक्नेछ ।

२७. निर्वाचन रङ्ग वा निर्वाचन चिन्ह तथा रेजा चिन्हः– (१) वर्गीय तथा व्यावसायिक संगठनहरूको प्रारम्भिक तहको निर्वाचनमा उम्मेदवारहरू छुट्याउन निजहरूको मतपेटीकामा चिन्ह वा रङ्गको प्रयोग गरिनेछ ।

(२) मतदान हुनु भन्दा अगावै निर्वाचन अधिकृतले तोकेको दिन वा समयमा उम्मेदवार वा निजको वारिस बोलाई निर्वाचन रङ्ग वा निर्वाचन चिन्ह रोज्न लगाउने छ । एक भन्दा बढी उम्मेदवारले एउटै निर्वाचन रङ्ग वा चिन्हको माग गरेमा वा कुनै उम्मेदवारले पनि निर्वाचन रङ्ग वा चिन्ह नरोजेमा निर्वाचन अधिकृतले कुनै उपयुक्त निर्वाचन रङ्ग वा निर्वाचन चिन्ह कायम गर्न सक्नेछ । निर्वाचन अधिकृतले आवश्यक देखेमा उम्मेदवारले रोज्न चाहेको कुनै खास रङ्ग वा चिन्ह रोज्न नदिन पनि सक्नेछ ।

(३) वर्गीय तथा व्यावसायिक संगठनहरूको प्रारम्भिक वाहेक अरू तहको निर्वाचनमा उम्मेदवारहरू निर्वाचित गर्न रेजा चिह्नको प्रयोग गरिनेछ ।

तर, निर्वाचन आयोगले चाहेमा प्रारम्भिक भन्दा माथिल्लो तहको पदको निर्वाचनमा पनि उम्मेदवारहरू छुट्याउन निजहरूको मतपेटीकामा चिह्न वा रङ्गको प्रयोग गर्न पर्ने व्यवस्था गर्न सक्नेछ ।

२८. प्रारम्भिक कार्य समितिका सचिव र कोषाध्यक्षको निर्वाचन कार्यबिधिः– यस अधिका दफाहरूमा जुनसुकै कुराहरू लेखिएको भए तापनि नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठनहरूको प्रारम्भिक कार्य समितिका सदस्यहरूले आफू मध्येबाट १।१ जना सचिव र १।१ जना कोषाध्यक्षको निर्वाचन गर्दा यस अधिका दफाहरूमा लेखिएको कार्यविधि अपनाउनु पर्ने छैन । ती पदको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

२९. निर्वाचन सम्बन्धी कागजातः– (१) निर्वाचन सम्बन्धमा प्रयोग भएका कागजहरू मध्ये निर्वाचन अधिकृतको जिम्मामा रहेको सदर वा बदर भएको मतपत्रको बन्दीखाम, मुचुल्काहरूको बन्दीखाम तथा मतदान केन्द्रमा प्रयोग भएका मतदाता सूचीको बन्दीखाम निर्वाचन विशेष अदालतको विशेष आदेश विना खोल्न वा हेर्न हुँदैन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) मा उल्लिखित कागजपत्र बाहेक निर्वाचन सम्बन्धी अरू कागजपत्रहरू हेर्न वा त्यस्को नक्कल लिन चाहेमा तोकिए बमोजिमको दस्तूर तिरी हेर्न वा नक्कल लिन सकिनेछ ।

(३) उप–दफा (१) मा उल्लिखित कागजपत्रहरू उजूरी परेमा अन्तिम टुंगो लागेको मितिले र उजूरी नपरेमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले ३ महीनासम्म नसडाई सुरक्षित राख्नु पर्छ ।

३०. आदेश जारी गर्ने र निर्देशन दिनेः– निर्वाचनको कार्यबिधिको सम्बन्धमा निर्वाचन आयोगले आदेश जारी गर्न सक्नेछ ।

(२) निर्वाचन संचालनको सम्बन्धमा निर्वाचन आयोगले निर्वाचन अधिकृत, रिटर्निङ अधिकृत तथा निर्वाचनको काममा खटिएको अन्य कर्मचारीहरूलाई समय–समयमा निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु निजहरूको कर्तव्य हुनेछ ।

३१. यस ऐन बमोजिम हुनेः– निर्वाचनको कार्यबिधिको सम्बन्धमा यस ऐनमा लेखिएको जति कुरामा यस ऐन बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२५।१२।२८।५

आज्ञाले–
रमारन्दप्रसाद सिंह
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८९६०